के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस २१ गते आइतबार ❑ 5 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## निर्वाचनमा उपलब्धिपत्र लिएर जनतामाझ जानुपर्छः महामन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, २० पुस

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले २०८४ को निर्वाचनमा उपलब्धिपत्र लिएर जनतामाझ जानुपर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेस गण्डकी प्रदेश समितिद्वारा शनिबार पोखरामा आयोजित 'प्रजातान्त्रिक व्यवस्थामा पार्टी र जनप्रतिनिधि' विषयक प्रदेशस्तरीय गोष्ठी उद्घाटन गर्दै उहाँले चुनावमा जाँदा उपलब्धिपत्र लिएर जानका लागि परिणाम देखाउने गरी काम गर्न निर्वाचित जनप्रतिनिधिलाई आग्रह गर्नुभयो । महामन्त्री थापाले निराश हुनुपर्ने अवस्था नरहेको तर आगामी तीन वर्षमा जनताले अनुभूति गर्ने गरी क्रियाशील हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । "कांग्रेसको नेतृत्वमा देशमा धेरै उपलब्धि हासिल भएका छन् तर ती कामको प्रचार हुन सकेको छैन । अब थप उपलब्धिका लागि जुनजुन तहको सरकारको जिम्मेवारीमा छौं, त्यहाँ परिणाम दिनेगरी काम गर्नुपर्छ । तिनै



कामको विवरण लिएर आगामी चुनावमा जाने अवस्था बनाउन सबै जिम्मेवारीपूर्वक काममा लागौँ", उहाँले भन्नुभयो ।

पार्टी संगठन र निर्वाचित जनप्रतिनिधिबीच संवाद आवश्यक भएको बताउँदै महामन्त्री थापाले त्यसले जनअपेक्षा सम्बोधन गर्न सहयोग पुग्ने धारणा राख्नुभयो । समस्या सुन्ने मात्र नभइ समाधान दिन सक्ने अवस्था सिर्जना गर्न संवादलाई बढावा दिनुपर्ने उहाँको भनाइ थियो । महामन्त्री थापाले पार्टीको काँधमा धेरै जिम्मेवारी रहेकाले आगामी १५औँ महाधिवेशनबाट आउने नेतृत्व पार्टी संगठन सम्हाल्न सक्ने हुनुपर्ने धारणा राख्नुभयो । उहाँले आफ्नो निर्वाचन क्षेत्रमा कामै नगर्ने तर महाधिवेशनको मात्र कुरा गर्न अवस्था बनाउन आग्रह गर्दै आगामी चैतभित्र सदस्यता नवीकरण गर्न नेता कार्यकर्तालाई निर्देशन दिनुभयो । "चैत्र महिनाभित्र नवीकरण नगर्ने क्रियाशील सदस्यको सदस्यता त्यपछि नवीकरण हुनेवाला छैन । साथै क्रियाशील सदस्यता फाराम दिइएका जिल्लाले समयभित्र क्षेत्रलाई दिएन भने त्यो क्रियाशील फारम नम्बर फ्रिज गरिने छ । क्षेत्रले आफूभन्दा तलका समितिलाई नदिएमा सोहीअनुसार कारबाही हुनेछ", महामन्त्री थापाले स्पष्ट पार्नुभयो । पार्टीको विधान संशोधनका लागि करिब पाँच महिना लाग्ने र विधान महाधिवेशन गरेर तत्काल पारित हुने र त्यसकै आधारमा महाधिवेशनको प्रक्रिया प्रारम्भ हुने उहाँले जानकारी गराउनुभयो । कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पार्टी नेतृत्वको सरकारले गरेका कामको प्रचार हुन नसकेको भन्दै पार्टीले अपनत्व लिनुपर्ने बताउनुभयो । नेपाली कांग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईले सामाजिक सञ्जाललाई संगठन निर्माणसँगै राम्रा कामलाई जनातामाझ पुऱ्याउने गरी उपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै डा रघुराज वाग्ले र डा हेमराज लामिछानेले जननिर्वाचित प्रतिनिधि जनताप्रति उत्तरदायी हुनुपर्ने बताउनुभयो ।

नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माको सभापत्विमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस लुम्बिनी प्रदेश सभापति अमरसिंह पुन, केन्द्रीय सदस्य मधु आचार्य, कृष्णचन्द्र नेपाली, नेपाली कांग्रेस गण्डकीका प्रवक्ता माधवप्रसाद बास्तोला (मधु)लगायतले सम्बोधन गर्नुभएको थियो ।

## सकारात्मक सोचका साथ अघि बढ्न मुख्यमन्त्री पाण्डेको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २० पुस

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सकारात्मक सोचका साथ अघि बढ्न युवाहरूलाई आग्रह गर्नुभएको छ ।

गण्डकी विश्वविद्यालयद्वारा गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालय, समाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, विश्वविद्यालय अनुसन्धान आयोग, नेपाल कृषि अनुसन्धान केन्द्रसँगको सहकार्यमा 'नेटवर्किङ माइन्ड्स फर रिसिलियन्ट फ्युचर' भन्ने नाराका साथ आयोजित अन्तर्राष्ट्रिय सम्मेलन २०२५ को आज पोखरामा उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले पछिल्ला समयमा देशमा केही भएन, केही हुँदैन जस्ता निराशाजनक अभिव्यक्तिहरू आउन थालेकाले सकारात्मक सोचका साथ अघि बढ्न युवाहरूलाई आग्रह गर्नुभएको हो । यही बसेर केही गर्न सकिन्छ भन्ने सन्देश डा सन्दुक रुइत जस्ता व्यक्तिले प्राप्त गर्नुभएको सफलताबाट लिन सकिने उल्लेख गर्दै उहाँले देशमा आशा जगाउने गरी सबै लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो । गण्डकी विश्वविद्यलायले सन् २०२१ देखि सफलतापूर्वक वैज्ञानिक सम्मेलन गर्दै आएको बताउँदै मुख्यमन्त्री पाण्डेले यसमा विषयवस्तु केवल एक विषय मात्र नभई नवीन विचार, रचनात्मक सोच र शैक्षिक




उपलब्धिहरूका लागि महत्वपूर्ण फोरम भएको उल्लेख गर्नुभयो ।

एक अर्काबाट सिक्दै यस्ता सम्मेलनबाट समृद्ध, समावेशी र दिगो भविष्य सिर्जनाका लागि सहकार्य गर्न सकिने उहाँको भनाइ छ । विश्वविद्यालयका हरेक शैक्षिक गतिविधिमा सरकारले सहयोग गर्ने उहाँले बताउनुभयो ।

गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले स्थापनाको छोटो समयमा गण्डकी विश्वविद्यालयले आफ्नो गतिविधिलाई प्रभावकारी रूपमा अघि बढाएको बताउँदै विश्वविद्यालयका हरेक गतिविधिमा सरकारको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । विश्वविद्यालयका कुलपति प्रा डा गणेशमान गुरुङले विश्वविद्यालयले औपचारिक शिक्षण एवम् अनुसन्धानसँगै विभिन्न नवप्रवर्तनका गतिविधिलाई अघि बढाएको जानकारी दिनुभयो । विशेष वक्ता प्रा डा सन्दुक रुइतले गर्ने इच्छाशक्ति भएमा असम्भव भन्ने केही नभएको बताउँदै आँखा स्वास्थ्यका क्षेत्रमा भए गरेका उपलब्धिबारे चर्चा गर्नुभयो । विश्वविद्यलायका रजिष्ट्रार डा कैलाश तिमल्सिनाले विश्वविद्यालय शैक्षिक क्षेत्रमा शिक्षण र अनुसन्धानको एकीकृत दृष्टिकोणमा केन्द्रित रहेको बताउँदै आफ्नै आविष्कार र आविष्कार केन्द्र स्थापना गरी नवीनतम खाज र अनुसन्धानलाई जोड दिएको बताउनुभयो ।

'नेटवर्किङ माइन्ड्स फर रिजिलिएन्ट फ्युचर' भन्ने नाराका साथ आयोजित सम्मेलनको मूल उद्देश्य विश्वभरका विद्वान, अनुसन्धानकर्ता, प्राज्ञ, व्यवसायी र सरोकार भएकाहरूलाई एकै ठाउँमा ल्याउने र विचार आदानप्रदान गर्ने रहेको उहाँले बताउनुभयो । सम्मेलनले शिक्षाविद् र चिकित्सकहरूलाई उनीहरूको अनुसन्धान निष्कर्षहरू साझा गर्न, उदीयमान प्रवृत्तिहरू अन्वेषण गर्न र उनीहरूको सम्बन्धित क्षेत्रमा चुनौती र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## लक्ष्मी स्मृति पुरस्कारवाट प्राज्ञ मुकुन्द शरण सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २० पुस

आमा दिदीवहिनीका विषयमा नेपोलियनले भनेका छन् 'मलाई शिक्षित आमा देऊ म तिमीलाई असल राष्ट्र दिने छु ।' जन्म घर मानवको पहिलो विद्यालय हो भने आमा पहिलो गुरु ।

भ ग वा न का ` युगदेखि दिदीवहिनीलाई सम्मान गरिदै आएको पाइन्छ । आमा शिक्षित भए पक्कै पनि उनले घरमा शिक्षाको ज्योति फैलाउन सक्छिन् सोही वाक्यलाई पुरा गरेर स्वर्गमा पुगेकी छिन् लक्ष्मीदेवी सिग्देल । उनै लक्ष्मीका दुई सन्तान मध्ये छोरा शरदकान्तले तीन दशक अघि र छोरी शारदाले दुई दशक अघि घरमै शिक्षित आमा हुनाले स्नातकोत्तर गर्न सफल भए । वि.स.१९९४ साउन १२ गते जन्मेकी लक्ष्मी सिग्देल भद्रकाली माविमा अध्ययनरत धैरै विद्यार्थीहरुको पूज्यनीय गुरुआमा रहिन् । विद्यालयको गुरुआमा मात्र सँगै सिग्देल टोल हुदै वडा नं १३ कै असल छिमेकी बनेकि थिइन् । आमा लक्ष्मीको जस्तो सकारात्मक विचार र भावनालाई दैवलाई पनि लोभ लागेर होला धर्तीवाट वि.स.२०६९ पुस २० गते टपक्क टिपेर लग्यो । उनै लक्ष्मीको



संझनामा २०७० सालामा स्थापित लक्ष्मी स्मृति पुरस्कारबाट प्राज्ञ मुकुन्द शरण उपाध्याय शनिवार पृथ्वीधर सिग्देल समाजको परिसरमा सम्मानित भए । लक्ष्मी सिग्देल स्मृतिकोषद्धारा संचालित लक्ष्मी सिग्देले स्मृति पुरस्कार अर्पण पाचौ संस्करणमा प्रज्ञा उपाध्याय सम्मानित भएका हुन् । शिक्षाविद जोर्ज जोनले उपाध्यायलाई नगद ५१ हजार रुपैयाँ सहित दोसल्ला र सम्मानपत्रले सम्मान गरेका हुन् । नेपाली भाषा, इतिहास, संस्कृति, नेपाली विषयमा उच्च अध्ययन र अध्यापनद्वारा पुऱ्याएको योगदानको कदर गर्दै सो पुरस्कारबाट प्राज्ञ मुकुन्दलाई सम्मान गरिएको हो । शिक्षाविद जोनले समाजले सही व्यक्ति छनोट गरेर सम्मान गरिएकोमा समाजको गरिमामय बढेको भने । जीवनमा जति मानिस भेटियो आज सम्म सज्जन मात्र भेटिएको जोनले खुशी सुनाए । सम्मानित व्यक्ति प्रज्ञा उपाध्यायले पोखरामा प्रतिभा भएर पनि लुकेका व्यक्ति धेरै छन् ती व्यक्तिलाई वाहिर ल्याउन सवै लाग्नु पर्ने धारणा राखे ।

प्रतिभामान व्यक्तिहरुलाई खोज्ने कार्य कम भएकाले अव वाहिर ल्याउने कार्य अगाडि बढ्नु पर्नेमा उपाध्यायको जोड थियो । प्रतिभा छनोट समितिका संयोजक किशोरदत्त वरालले यो कार्यक्रमले लक्ष्मीलाई मात्र सम्मान नभै समाजलाई प्रेणा जगाउने सम्मान भएको वताए । छनोट समितिका सदस्य तथा कवि तीर्थ श्रेष्ठले सम्मानित प्राज्ञ उपाध्यायको जीवनी प्रकाश पारे । वडा नं १३ का वडा अध्यक्ष किरण वरालले सेती वारिपारी नभै कुँडहर क्षेत्रलाई पोखराको पर्यावाचीको रुपमा अगाडि बढाउने कार्यक्रम सुरु गरिएको जानकारी गराए ।

समाजसेवी तथा विकासप्रेमी विश्व सिग्देलले कार्यक्रममा स्वागत गर्दै स्व. लक्ष्मी सिग्देलले जीवनमा शिक्षा क्षेत्रदेखी सामाजिक क्षेत्रमा गर्नु भएको योगदानको चर्चा गरे । लक्ष्मी आमाको स्मृतिमा छोरा वुहारी शरदकान्त सिग्देल/सपना सिग्देल र छोरी छोरीज्वाईं शारदा सिग्देल पराजुली र नारायण पराजुलीले अक्षयकोषको पुरस्कार स्थापना गरेका हुन् ।

पृथ्वीधर सिग्देल समाजका अध्यक्ष मैया सिग्देलले लक्ष्मी आमाले समाजमा शिक्षा र आर्थिकमा सकारात्मक सन्देश फैलाउन ठुलो सहयोग गर्नुभएको जनाकारी दिइन् । आमा महिला तथा वाल कल्याण कुञ्चमा रहँदा मलाई चुलो चौकोमा मात्र सिमित नभई वाहिर सामाजिक क्षेत्रमा अगाडि बढ्न् दिनु भएको प्रेणाले आज म आमाको वारे ढुक्क सँग बोल्न सक्ने भएको अध्यक्ष मैयाले चर्चा गरिन् । मैयाको अध्यक्षतामा भएको कार्यक्रममा परिवारको तर्फवाट तथा लक्ष्मी आमाकी छोरी शारदा सिग्देल पराजुलीले धन्यवाद र पृथ्वीधर सिग्देल समाजका निवर्तमान अध्यक्ष अजुर्न सिग्देलले साहित्यमय लयमा संचालन गरेका थिए ।

## जेष्ठ नागरिकसँग हिमालय क्लव अभियान सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २० पुस

पोखराको अग्रणी सामाजिक संस्था हिमालय क्लव, बाटुलेचौरले जेष्ठ नागरिकका क्षेत्रमा समेत काम गर्ने भएको छ । महिला, बालबालिका तथा युवाको क्षेत्रमा विगत २८ वर्ष देखि क्रियाशिल क्लवले प्रत्येक वर्ष जेष्ठ नागरिकलाई लक्षित गरी कार्यक्रम संचालन गर्ने तयारी गरेको क्लवले जनाएको छ । यसै क्रममा जेष्ठ नागरिकसँग हिमालय क्लव भन्ने अभियान स्वरूप शनिवार विशेष कार्यक्रमको आयोजना गरेको छ । आत्मज्ञान प्रचार संघ, अमरदिपमा रहेका जेष्ठ नागरिकलाई भेटी उनीहरूसँग सम्वाद गरिएको क्लवका सचिव तुलबहादुर बस्नेतले जानकारी दिनुभयो । कार्यक्रममा क्लबका अध्यक्ष मोहन वहादुर थापाले जेष्ठ नागरिक समाजको दर्पण भएको बताउँदै, उनीहरूको सम्मानले मात्र समाज सभ्य *बन्ने बताउनुभयो । कार्यक्रम*

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रदेश तेक्वान्दो संघको वार्षिक साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २० पुस

प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले खेल संघहरुले दर्ता, नविकरण, अध्यावधिक र साधारण सभा नगर्ने संघहरुलाई कार्वाही गर्ने चेतावनी दिनु भएको छ।

गण्डकी प्रदेश तेक्वान्दो संघको वार्षिक साधारण सभाको शनिबार उद्धाटन गर्दै उहाँले निर्धारित मिति यही पुष २० गते भित्र दर्ता, नविकरण, अध्यावधिक र साधारण सभा नगर्ने संघहरुलाई कार्वाही गर्ने चेतावनी दिनु भएको हो । समय भित्र दर्ता, नविकरण, अध्यावधिक र साधारण सभा नगर्ने संघका प्रतिनिधिहरुले खेल संघको लेटर प्याड तथा छाप समेत प्रयोग गर्न नपाउने उहाँले जनाउनु भयो। यदि कसैले कानूनको पालना नगरेको खण्डमा सरकारी छाप कृति दस्तखत अर्न्तगत मुद्धा समेत हाल्ने सदस्य सचिव शर्माले जनाउनु भयो। करिब २८ वटा खेलसंघहरु




प्रदेशमा आबद्ध भएको उहाँले जनाउनु भयो।

खेलकुद प्रबर्द्धन र खेलाडी उत्पादनमा खेल संघ, क्लवहरु सहित केही संस्थाहरु रहेको उल्लेख गर्दै उहाँले खेलकुदको विकासको लागि संघहरुसंगै बसेर जिम्मेवारी दिने बताउनु भयो । खेलकुद क्षेत्रमा बजेट कम भएको दाबी गर्दै उहाँले जनप्रतिनिधिहरुले यस बिषयमा खासै आवाज उठाउन नसकेको गुनासो गर्नु भयो । नेपाली खेलकुदमा न्यून बजेटको कारणले नै सोचे अनुरुप विकास हुन नसकेकेको सदस्य सचिब शर्माले बताउनु भयो। खेलकुदमा विशेष गरी मार्शल आर्ट खेलका केही संघहरुमा आर्थिक परादर्शिता नभएको र ग्रेडिङमा समेत मनपरी रुपमा प्रशिक्षार्थी खेलाडीहरु संग रकम उठाएको विषयमा परिषदको गम्भिर ध्यनाकर्षण भएको उहाँले जनाउनु भयो । सदस्य सचिब शर्माले अवको सम्पूर्ण तयारी १० औं राष्ट्रिय खेलकुदका लागि अघि बढ्नु पर्ने जनाउँदै गण्डकीले पदक प्राप्त गर्ने गरी तेक्वान्दोलाई आफ्नो तयारी सुरू गर्न आग्रह गर्नुभयो । कार्यक्रममा नेपाल तेक्वान्दो संघका उपाध्यक्ष हरिश्वर पोखेलले तेक्वान्दो खेलको विकासका लागि डोजाङहरुको स्थापना हुनुपर्नेमा जोड दिनु भयो । स्वस्थ नागरिक उत्पादन संगै घर-घरमा तेक्वान्दो पुर्याउन डोजाङहरुको स्थापना आवश्यक रहेको उहाँको भनाई थियो । गण्डकी प्रदेश तेक्वान्दो संघका अध्यक्ष जगन बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा संघका उपाध्यक्ष लक्ष्मी पाण्डे, महासचिब रमेश पौडेल, कोषाध्यक्ष माइकल कर्माचार्यले वोल्नु भएको थियो । कोषाध्यक्ष कर्माचार्यले आर्थिक वर्ष २०८०/०८१ मा आम्दानीतर्फ २९ लाख ६२ हजार ९ सय २८ र खर्चतर्फ २५ लाख २३ हजार ८ सय ६४ रहेको जानकारी दिनुभयो। बाँकी रहेको ४ लाख ३९ हजार ६४ रुपैया यस बर्ष भुक्तानी गर्न बाँकी रहेको सेवा प्रदायकहरुलाई भुक्तानी गरिने भएको कोषाध्यक्ष कर्माचार्यले बताउनु भयो। संघका अध्यक्ष गुरूङले पोखरा रंगशालामा निर्माण हुन लागेको तेक्वान्दो प्रशिक्षण हल निर्माण सम्पन्न गर्न सबैको सहयोगको अपेक्षा गर्नुभयो।

## जेष्ठ नागरिक ...

*संयोजक लक्ष्मी श्रेष्ठ, सल्लाहकार राजेन्द्र वहादुर देवकोटा, आत्मज्ञान प्रचार संघका गीतादेवी तिमिल्सिना लगायतले क्लवले जेष्ठ नागरिक केन्द्रित अभियान शुरु गरेकोमा खुशी व्यक्त गरे । संघका अमरदिप शाखा अध्यक्ष नेत्र बहादुर खड्काले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन क्लवका सचिव तुलबहादुर बस्नेतले गर्नु भएको थियो। क्लवले सो अवसरमा आत्मज्ञान मा आवद्ध १ सय जना जेष्ठ नागरिकलाई प्रसाद वितरण समेत गरेको थियो।*

## सकारात्मक ...

अवसरहरू छलफल गर्नका लागि महत्वपूर्ण अवसर प्रदान गर्ने डा तिमल्सिनाले विश्वास व्यक्त गर्नुभयो । उहाँका अनुसार सम्मेलनमा कुल २४ सत्र र एक समूहगत छलफल समावेश छन्।

गणतन्त्र कोरिया, संयुक्त राज्य अमेरिका, भारत, स्विडेन, डेनमार्क, ब्रुनाई, थाइल्याण्ड र नेपालसहित कुल आठ देशबाट प्रस्तुतकर्ता र सहभागीहरू रहेको जानकारी दिँदै डा तिमल्सिनाले सम्मेलनमा समावेश प्रस्तुतीकरणका सारहरू समावेश गरी 'संक्षेपहरूको पुस्तक' प्रकाशित गने जानकारी दिनुभयो । यो सम्मेलन अनुसन्धान र शिक्षासम्बन्धी गतिविधिहरूका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय सहकार्यमा कोसेढुङ्गा साबित हुने उहाँको भनाइ छ । कार्यक्रममा गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयका सचिव राजेन्द्रदेव पाण्डे, प्रा डा कैलाशनाथ प्याकुरेललगायत वक्ताले आ-आफ्नो धारणा राख्नुभएको थियो।

# हेमजाको तिब्रकोट वन लाटोकोसेरो संरक्षण विशेष क्षेत्र घोषणा

पोखरापत्र संवाददाता
पोखरा, २० पुस

हेमजामा रहेको तिब्रेकोट साामुदायिक वनलाई लाटोकोसेरो संरक्षण विशेष क्षेत्र घोषणा गरिएको छ।

प्रकृतिका साथीहरुको आयोजनामा शनिबार भएको लाटोकोसेरो संरक्षण विशेष शिविरमा कास्कीको पोखरा महनगर पालिका वडा नं. २५ मा रहेको तिब्रेकोट सामुदायिक वनलाई लाटोकोसेरो संरक्षण विशेष क्षेत्र घोषणा गरिएको हो।

कार्यक्रमा समुदायको भेलालेनै करिव १ सय दशमल ७४ हेक्टर क्षेत्रफल रहेको तिब्रेकोट सामुदायिक वनालाई लाटोकोसेरो संरक्षण विशेष क्षेत्र घोषणा गरेको हो । उक्त अवरमा तिब्रेकोट सामुदायिक बनका उपभोक्त समूहका अध्यक्ष विशालजंग कुँवरले भेलाको निर्णण सुनाउदै लाटोकोसेरो संरक्षण विशेष क्षेत्र घोषण गरेका हुन् । घोषण सँगै उक्त बनमा गुलेललीको प्रयोग गरि लाटोकोसेरो लगायतका कुनै पनि चराचुरुङ्गीलाई मार्न नपाईने साथै कुनै पनि हानि नोक्सानी नपुऱ्याउने निर्णय गरिएको छ। लाटोकोसेरो संरक्षण सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्दा वन समूहको विधान र वन कार्ययोजनालाई असर नपर्ने गरी कार्यक्रमहरु सञ्चालन गर्ने समूहका उपाध्यक्ष कृष्ण बहादुर कुँवरले जानकारी दिए। यस वन क्षेत्रमा लाटोकोसेरो अध्ययन तथा संरक्षणमा पहल गर्ने, लाटोकोसेरो लगायत अन्य चराचुरुङ्गीको गुड/वासस्थान बनाएका रुखहरुको संरक्षण पहल गर्ने, पुराना बुढा रुख संरक्षण गर्ने, लाटोकोसेरो संरक्षणका लागि आगामि वर्ष देखि केहि रकम विनोयजन गरी समन्वयमा प्रचार प्रसार गर्ने निर्णय गरिएको उपाध्यक्ष कुँवरले जानकारी दिए।

भेलाले गरेका निर्णयलाई डिभिजन वन कार्यालय कास्की, सव डिभिजन वन कार्यालय कुँडहर, वडा कार्यालय हेमजा र सरोकारवाल निकायहरुमा जानकारी दिइने कँवरले बताए।

उनका अनुसार प्रकृतिका साथीहरुको संस्थासँगको सहकार्य र प्रशिक्षणबाट नै उपभोक्त समूह यो अभियानमा जुटेको हो।



शिवरमा प्रमुख अतिथीको रुपमा रहेका पोखरा महानगर पालिका वडा नं. २५ का वडा अध्यक्ष तथा महानगरका प्रवक्त मोतिलाल तिम्सिनाले लाटोकोसेरो संरक्षणको कार्यमा वडाबाट सधै सहयोग रहने बताए । 'हरेक जिव जन्तुको संरक्षणमा वडाले पनि सचेतामूलक कार्यक्रमका लागि वजेट नै विनियोजन गरेर कार्यक्रम गरेको छ' अध्यक्ष तिम्सिनाले भने,'आगामि दिनमा पनि यहाँहरुसगको सहकार्यमा नै वडाले कार्यक्रमहरु ल्याउने छ।'

तिब्रेकोट सामुदायिक वनका उपभोक्ताले नै यस वनलाई लाटोकोसेरो संरक्षण विशेष क्षेत्र घोषण गर्नु प्रशंसनिय कार्य भएको डिभिजन वन कार्यालय कास्कीका प्रमुख कोमलराज काफ्लेको भनाई छ। 'नेपाल सरकारले जे चाहेको छ समुदायले नि त्यही काम गर्नु प्रशंसनिय कार्य रहेको छ' प्रमुख काफ्लेले भने,' अन्य सामुदायिक वनमा पनि विभन्न जनवरहरुको संरक्षण क्षेत्र रुपमा काम गरेको उदाहरण रहेका छन् । यस वनले पनि ल्याएको योजना पनि सफल हुने विश्वास लिएको छु ।' उनका अनुसार अन्य सामुदायिक वनमा पनि संरक्षणका अभियान रहेकोमा नेपालमा संभवत लाटेकोसेरो संरक्षण विषेष क्षेत्र घोषण गरिएको यो पहिलो हो । उनले प्रकृतिमा नै रमानउन दिने गरी चरा चुरुङ्गी तथा जनावरको संरक्षण गर्नु पर्ने सुझाव दिए । प्रकृतिका साथीहरुका कार्यकारी निर्देशक राजु आचार्यले समुदायबाट नै यो अभियान संञ्चालन गर्नु आफैमा सुखद पक्ष रहेको बताए । 'हामीले गण्डकी प्रदेशमा थालेको अभियान मार्फत केहि निश्चित ठाँउहरुमा गुलेली प्रतिवन्ध क्षेत्र घोषणा गर्ने तयारीमा जुटेका थियौ' आचार्यले भने, 'यहाँका उपभोक्तले गुलेली प्रतिवन्ध मात्र नभई विशेष संरक्षण क्षेत्र नै घोषण गरेर अभियानलाई थपा उत्साह प्रदान गर्ने काम गर्नुभयो । हाम्रो संस्था यहाँका उपभोक्त प्रति आभार व्यक्त गर्दछ।' यो अभियानलाई पूर्णता दिनका लागि आफ्नो संस्थाबाट यहाँका उपभोक्ता समूहसँग सहकार्य गरेर काम गर्ने आचार्यले बताए । लाटोकोसेरो संरक्षणमा तीन दशक देखि लागि परेका प्रकृतिका साथीहरु नामक संस्थाका निर्देशक राजु आचार्यले सन् २०२४ मा ह्टिवली अवार्डबाट सम्मानित भएका थिए । सोहि ह्टिवली अवार्डबाट प्राप्त पुरस्कार गण्डकी प्रदेशका कास्की, स्याङ्जा लगायतका जिल्लामा लाटोकोसेरोको अवैध व्यापार, चोरिसिकार नियन्त्रणका लागि तालिम, जनचेतना मुलक कार्यक्रम र लाटोकोसेरोका लागि कृतिम गुँड निर्माण लगायतका कार्यक्रम गरिएको छ।

यस अवधिमा १ सय वटा कृतिम गुँड राखिसकेको जसमा २० वटा हेमजा रहेको आचार्यले जानकारी दिए । यो सँगै कास्कीको भद्रकाली वन, पुम्दी भुम्दी, स्याङजाक तथा म्याग्दीमा रहेका ५ वटा सामुदायिक वनमा गुलेली प्रतिवन्ध क्षेत्र घोषणा गर्ने लक्ष्य रहेको आचार्यले जानकारी दिए। जनचेतना मूलक कार्यक्रम अन्तर्गत बुढा रुखहरुको संरक्षण, गुलेली प्रयोग गरि चरा मार्न रोक, स्थानिय, विद्यार्थी, र समुदायकमा संरक्षण शिविर सञ्चालन गरिएको छ। केशवराज सापकोटा, बालकुमार गुरुङ, सुदर्शन पराजुली, आयुष ढुङ्गाना, ज्योति शर्मा र दिपा गुरुङलाई संरक्षण दुत वनाइ एक वर्ष सम्म स्वयमूसेवकका रुपमा लाटोकोसेरोको अध्ययन तथा संरक्षणमा योगदान गर्ने जिम्मा दिइएको छ।

# कोन सहकारीको रक्तदानमा ५२ यूनिट रक्त संकलन

पोखरापत्र संवाददाता
पोखरा, २० पुस

पोखरा महानगरपालिका वडा न १३ भद्रकाली चोक स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.ले शनिवार खुल्ला रक्तदान कार्यक्रम गरेको छ।

सामाजिक उत्तरदायित्व अन्तर्गत सहकारीले २६ औ बार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्कमबाट ५२ युनिट रगत संकलन भएको छ। कार्यक्कमका प्रमुख अतिथी संस्थाका निवर्तमान अध्यक्ष एवं मानार्थ संरक्षक शरदकान्त सिग्देलले पहिलो रक्तदाता संस्थका सचिव शान्त कुमार श्रेष्ठलाई ब्लड व्याग हस्तान्तरण गरी कार्यक्रम शुभारम्भ गर्नु




भएको थियो। कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तीर्थबहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षा उपसमितिका संयोजक खड्क वहादुर गुरुङ( खुशीमान), रक्त संचार केन्द्र पोखराका प्रमुख अर्जुन ज्ञवाली, मार्गदर्शन एकेडेमीका संचालक पुरनकुमार श्रेष्ठ, सहकारीका सदस्य शारदा सिग्देल पराजुली लगायले रगतको बारेमा चर्चा गर्नु भएको थियो । उक्त अवसरमा संस्थाको नवर्निवित भवनको कोन सहकारीका निवर्तमान अध्यक्ष तथा मानार्थ संरक्षक शरदकान्त सिग्देलले उद्घाटन गर्नुभएको थियो।

# त्रिवेणी इन्टरनेशनल कलेजको अध्यक्षमा भट्टराई

पोखरापत्र संवाददाता
पोखरा, २० पुस

त्रिवेणी इन्टरनेशनल कलेज पोखरा २७ को नवौं बार्षिक साधारण सभा एवं तेश्रो अधिवेशनले पुन सुमन भट्टराईको अध्यक्षतामा संचालक समितिको चयन गरेको छ।

सभाले कलेजको संचालकमा बलराम ढकाल, भरतकुमार अधिकारी, यदुराज आचार्य, मधुसुदन सापकोटा, हरि बहादुर वुढाथोकी, सोमनाथ बास्तोला, शान्ति खनाल र विनोद लामिछाने चयन गरेको छ। संचालक समितिले मुक्तिनाथ सापकोटालाई कम्पनी सचिवमा नियुक्ती गरेको छ। यसैगरी राजेन्द्रमणि लामिछाने, बाबुराम गिरी, छत्रधर आत्रेय, विष्णु प्रसाद बराल र लोकराज ढकाललाई सल्लाहकारमा चयन गरेको छ । कलेजले त्रिभुवन विश्वविद्यालयबाट गुणस्तर सुनिश्चितताको प्रमाण पत्र प्राप्त गरेपछि अध्ययनका लागि नयाँ कार्यक्रम थप गर्ने जनाएको छ। यसैगरी आवश्यक पूँजि जुटाउन सर्वसाधारणमा आइपिओ जारी गर्न संभाव्यता अध्ययनका लागि एक



समिति गठन गर्ने समेत जनाएको छ । यसअघि साधारण सभा एवं अधिवेशनको उद्घाटन गर्दै, गण्डकी प्रदेशका सामाजिक विकास मन्त्री विन्दु कुमार थापाले बजारको माग अनुरुपको दक्ष जनशक्ति उत्पादनका लागि शैक्षिक कार्यक्रम समावेश गर्न आग्रह गरे। मन्त्री थापाले शिक्षाको गुणस्तर सुधारका लागि विद्यालय र शिक्षामा अभिभावकको भूमिका समेट्नेगरी नीतिमा सुधार हुनु पर्नेमा जोड दिए। कार्यक्रममा पूर्व कानून मन्त्री यज्ञवहादुर थापाले शिक्षा सुधारका लागि अभिभावक, शिक्षक र विद्यार्थीको समान भूमिका रहने उल्लेख गर्दै, सवैलाई जिम्मेवार बनाउन जोड दिए। कलेजका प्राज्ञिक सल्लाहकार प्रा.डा. इन्द्र प्रसाद तिवारीले गुणस्तर सुनिश्चितताको प्रमाण पाएपछि कलेजमा एकेडेमिक कार्यक्रम थप गर्नु पर्नेमा जोड दिए। कलेजका अध्यक्ष सुमन भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व अध्यक्ष एवं बाबुराम गिरी, राजेन्द्रमणि लामिछाने, सल्लाहकार ध्रुवनाथ अधिकारी, लेखनाथ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष छत्रधर आत्रेय, पूर्व अध्यक्ष बलराम ढकाल, पृथ्वी नारायण क्याम्पसका सहायक क्याम्पस प्रमुख शंकरनाथ पौडेल लगायतले कलेजले शैक्षिक क्षेत्रमा गरेको प्रगतीको प्रशंसा गरेका थिए । कलेजका प्रमुख यदुराज आर्चायले शैक्षिक गतिविधि प्रस्तुत गरेको कार्यक्रममा पूर्व विद्यार्थी अशिम पाण्डे, हिसान कास्कीका उपाध्यक्ष ढाकाराम कंडेल, आनन्द ज्योती माविका प्रधानाध्यापक शिवराज अधिकारी, विद्यार्थी कल्याणकारी समितिका अध्यक्ष सुदिन मोहन भट्टराई लगायतले बोलेका थिए भने कार्यक्रमका संचालन कलेजका सहायक क्याम्पस प्रमुख डिल्लीराम पौडेलले गरेका थिए।

# लेखनाथ महोत्सवमा शनिबार दर्शकको भिड, १ करोडको कारोबार

पोखरापत्र संवाददाता
पोखरा, २० पुस

"महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन विकास र सम्मृद्धि" भन्ने नाराका साथ सुरु भएको २० औं संस्करणको लेखनाथ महोत्सवमा शनिबार दर्शकहरुको उत्साहजनक उपस्थीति रहेको थियो । शनिबार बिदाको दिन समेत परेकाले महोत्सवमा अवलोकन गर्ने दर्शकहरुको संख्यामा वृद्धि भएको हो।

महोत्सवको तेश्रो दिन शनिबार २५ हजार दर्शकहरुले अवलोकन गरेको र १ करोड बराबरको कारोबार भएको महासचिव एवं महोत्सव प्रचार प्रसार समितिकी संयोजक जानुका पराजुली अधिकारीले जानकारी दिईन । महोत्सवमा शनिबार लोकदोहोरीतर्फ बालचन्द्र बराल, शान्तीश्री परियार, ध्रुव जिसी, तुलसा जिसी, नेत्र खड्का, सरिता लगायतले प्रस्तुती दिएका थिए भने हाँस्यव्यङ्ग्य तर्फ पवन खतिवडा 'म्याकुरी'को प्रस्तुतीले दर्शकहरुलाई मनोरञ्जन प्रदान गरेको थियो।

यस्तै बेलुकापख लाईभ कन्सर्टमा रचना रिमाल र सुनिल गिरीको प्रस्तुतीले स्टेज तताएको थियो । शुक्रबार विद्यालयस्तरीय नृत्यतर्फ त्रिवेणी पब्लिक मावि पोखरा-२७, एपेक्स प्रि स्कुल पोखरा-३० र लेकसिटी एकेडेमी मण्टेश्वरी पोखरा-२६ ले नृत्य प्रस्तुत गरेका थिए । महोत्सवमा आईतबार लोकदोहोरी कलाकारहरु श्याम राना, भुमिका गिरी, शंकर विरही गुरुङ, बिन्दा परियार, टेक क्षेत्री, कमला गैह्रे, शिवहरी ढुंगाना र उमादेवी खनालको प्रस्तुती रहनेछ भने बेलुका लाईभ कन्सर्टमा सहिमा श्रेष्ठ, सन्तोष बस्याल र र्यापर शुसिलले प्रस्तुती दिनेछन्।

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा हुने महोत्सवको सह-आयोजकमा उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश र नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश रहेका छन भने प्रवर्द्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन वोर्ड रहेका छन।

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरू।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजे देखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।
- विदुरनीति

## सम्पादकीय

# लोकरिझ्याईंबाट ग्रशित रावल

बेला बेलामा चर्को क्रान्तिकारी देखिने र आफुलाई राष्ट्रवादी दावी गर्नेहरु दक्षिणपन्थी कित्तामा जाने गर्दछन । विशेषगरी बामपंथी कित्ताका एक जमानाका क्रान्तिकारी जीवनको उत्तरार्धमा दक्षिणपन्थी बन्न पुगेका छन । कम्युनिस्ट पार्टीको महासचिव भएका केशरजंग रायमाझी राजावादी बनेको सबैले देखेका हुन । झापा आन्दोलनका अगुवा राधाकृष्ण मैनाली एमाले नेतृत्वसँग मतभेद हुने वित्तिकै राजाको मन्त्री खान पुगे ।झापाली राधाकृष्णबाट पार्टी सदस्य बनेका भीमबहादुर रावल एमालेबाट निस्कासनमा परेपछि गैर कम्युनिस्ट पार्टी बनाउने घोषणा गरेका छन । एमालेबाट राजकीय पद र पार्टीको महत्त्वपूर्ण पद नपाउने भएपछि रावल पार्टी विरुद्ध लाग्दै आएका हुन।राजकीय पद के हो बुझेका नेकपा (एमाले)को सदस्यबाट निस्कासित  नेता भीम रावलको अभियानलाई राजावादीले स्वागत गरेका छन । नेता रावल।शनिबार  विराटनगर जाँदा 'जय देश जय नरेश' को नारा घन्किएको छ ।

'मातृभूमि जागरण अभियान'का लागि पूर्व गएका रावललाई विराटनगर विमानस्थलमा स्वागत गर्ने पुगेको राजावादीहरूले 'जय देश जय नरेश' को नारा लगाएका थिए । राजावादीहरू राष्ट्रिय झण्डासहित रावललाई स्वागत गर्न पुगेका थिए । तर, प्रहरीले उनीहरूलाई राष्ट्रिय झन्डा भने विमानस्थल परिसरमा लैजान रोकेको थियो । यसअघि झापाका मेडिकल व्यवसायी दुर्गा प्रसाईंले 'नागरिक बचाउने महाअभियान' भन्दै नयाँ अभियान सुरु गरेका थिए। सोही अभियानमा समेत जोडिएका सुनसरी इटहरीका सतीश पोखरेलसहितको समूह रावललाई स्वागत गर्न विराटनगर विमानस्थलमा पुगेको थियो । पोखरेलले रावललाई माला लगाइदिँदै 'राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति र नागरिक बचाउन अभियान'को तर्फबाट स्वागत गरिएको बताए । उनले देशमा ठुलो अभियान चलाएर उक्त अभियानमा सबै एक भएर यो देशका दलालहरू विरुद्ध उत्रनुपर्ने राय, सुझाव धारणा दिएका थिए । त्यसपछि पोखरेलले 'जय देश जय नरेश'को नारा लगाए ।

केही समय पहिले झापाको काँकडभिट्टास्थित मेची नदीबाट प्रसाईंले 'नागरिक बचाउ महाअभियान' अभियान सुरु गर्दा पूर्वराजा ज्ञानेन्द्र शाह र उनका छोरा पूर्व युवराज पारस शाह पनि मञ्चमा देखिएका थिए । निकै लामो समयपछि पूर्व आएका रावललाई स्वागत राजावादी, दुर्गा प्रसाईं समर्थितसँगै विभिन्न राजनीतिक दलका स्थानीय नेता कार्यकर्ताहरू विराटनगर विमानस्थलमा पुगेका थिए । रावलले प्रधानमन्त्री एवम् एमालेका अध्यक्ष केपी शर्मा ओलीले एमाले पार्टीलाई ' बामाले' कम्पनीमा परिणत गरिदिएको भनी टिप्पणी गरे । एमाले पार्टीको मूल विचार र सिद्धान्त मार्क्सवाद र लेलिनवादको समाप्त पार्दै ओलीले पार्टीलाई 'बामाले कम्पनी'मा  परिणत रावलको तर्क थियो । उनले एमाले अध्यक्ष ओलीले पार्टीभित्र आफूमाथि आलोचना गर्नेलाई हटाएर एमालेमा 'बामाले'लाई स्वीकार्ने र जसरी भए पनि पद लिने नीति अख्तियार गर्ने नेता कार्यकर्तामात्र राख्ने नीति लिएको समेत आरोप लगाए । पार्टी अध्यक्ष ओलीविरुद्ध खरो रूपमा उत्रिएका नेता रावलले ओली पहिचान खुल्न नसक्ने नेताको नमूना रहेको भन्दै कटु कटाक्षसमेत गरे । एक अर्को प्रसङ्गमा नेता रावलले मातृभूमिको रक्षाका लागि आफूले मातृभूमि जागरण अभियान सञ्चालन गरी सबै देशभक्तलाई अभियानमा जोड्न चाहेको बताए । यो अभियानमा कम्युनिस्ट, गैर-कम्युनिस्ट र राजवादी सबै अटाउने नेता रावलको दाबी छ ।

# चिसो बढेपछि आउन छोडे पर्यटक, सुनसान बन्दै ढोरपाटन

**पोखरापत्र संवाददाता**
बागलुङ, २० पुस

चिसो बढेपछि ढोरपाटन उपत्यका सुनसान बन्न थालेको छ । मङ्सिर अन्तिम सातासम्म पर्यटकको चहलपहल रहेको ढोरपाटनमा पुस पहिलो सातादेखि नै सुनसान बन्दै गएको हो । आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको ढोरपाटनमा बर्सेनि पर्यटक बढ्दै गएका छन् ।

सञ्चारमाध्यम र सामाजिक सञ्जालमा यहाँको मनमोहक दृश्यको प्रचार हुँदै गएपछि पर्यटकको आकर्षण बढेको हो । जाडोका कारण स्थानीय बासिन्दासमेत बोबाङ, अधिकारीचौर र निसीखोला झर्ने हुँदा ढोरपाटन सुनसान हुने गर्छ । पर्यटकको आगामन कम भएपछि यहाँ संचालित होटल व्यवसायी पनि फुर्सदिला बनेका छन् । ढोरपाटनमा हिउँ परे घुम्न आउने पर्यटक बढ्ने भए पनि अहिले सुनसान भएको ढोरपाटन होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन अदैले बताउनुभयो । ढोरपाटनमा घुम्ती बसाई हुने हुँदा यति बेला धेरै स्थानीय बैंसी झरेको उहाँको भनाइ छ । अघिल्ला वर्षहरूको तुलनामा यस वर्ष पर्यटकको सङ्ख्या बढेको भन्दै हरेक वर्ष पुसदेखि फागुनसम्म पर्यटक आगमन निकै कम हुने अध्यक्ष अदैले बताउनुभयो । अध्यक्ष भण्डारीले भन्नुभयो, "यो यामनै ढोरपाटनमा कम चहलपहल हुने गर्छ, चिसो बढेको छ, चिसोका कारण कम मात्रमा पर्यटक आउने गरेका छन्, मङ्सिरसम्म दैनिक एक सय ५० जना पर्यटक घुमफिरका लागि आउने गर्थे भने अहिले घटेर ३०/४० जना मात्रै आउने गरेका छन्, प्रचारप्रसार निकै भएर होला पहिलेका वर्षहरूमा भन्दा अहिले पर्यटकको सङ्ख्या बढ्दै गएका छन् ।" पाँच वर्ष अगाडिसम्म ढोरपाटनमा होटल व्यवसाय गर्ने स्थानीय कम थिए । तर अहिले ढोरपाटन उपत्यकामा मात्रै करिब ४० हाराहारी होटल सञ्चालनमा छन् । चिसोका कारण पाहुन आउन कम भऐपछि केही दिनका लागि आफू पनि बेसी झरेको होटल व्यवसायी श्यामलाल घिमिरेले बताउनुभयो । पछिल्लो समय ढोरपाटनमा बास बस्ने र खाना खाने सुविधा बढ्दै गएपछि पर्यटकको आकर्षण बढ्दै गए पनि यो सिजनमा कम भएको उहाँको भनाइ छ ।

अहिले शुक्रबार र शनिबार फाट्टफुट्ट पाहुन ढोरपाटन पुग्ने घिमिरे बताउनुहुन्छ। आएपश्चिम बागलुङको ठूलो व्यापारी केन्द्र बुर्तिबाङ बजारदेखि करिब ३२ किलोमिटरको दूरीमा रहेको ढोरपाटनसम्म कच्ची सडक पुगेको छ । राष्ट्रिय प्राथमिकताको आयोजना सालझण्डी-ढोरपाटन सडकले ढोरपाटन जोडिएपछि थप चर्चा पाएको छ । तर उक्त सडक स्तरोन्नति नहुँदा पर्यटकले सास्ती खेप्नु परेको छ ।

# बुल्दी खोलामा पुल निर्माण: नौ महिनामा ७५ प्रतिशत प्रगति

**पोखरापत्र संवाददाता**
तनहुँ, २० पुस

जिल्लाको व्यास नगरपालिका-१ र २ जोड्ने गरी कराङकाठ-बसपार्क जाने बुल्दी खोलामा निर्माणधीन पुल निर्माणले गति लिएको छ ।

निर्माण कम्पनी ज्वालामुखी कन्स्ट्रक्सनले नौ महिनामा ७५ प्रतिशत भौतिक प्रगति गरेको हो । आगामी भदौ २२ गतेभित्र निर्माण सम्पन्न गर्नेगरी निर्माण कम्पनीसँग सम्झौता भए पनि समयभन्दा अघि नै पुल निर्माण गर्ने तयारी भइरहेको व्यास नगरपालिकाले जनाएको छ । सम्झौता मितिभन्दा छ महिना अगावै फागुनसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको व्यास नगरपालिका योजना शाखा अधिकृत तिवारीले बताउनुभयो ।

पुल निर्माणका लागि व्यास नगरपालिकाको समपूरक योजनाअन्तर्गत रु छ करोड ११ लाख तीन सय २४ बजेट विनियोजन भएको थियो । कम्पनीले निर्माणलाई निरन्तरता दिएकाले छोटो अवधिमा उल्लेखनीय प्रगति हासिल गरेको छ । उहाँका अनुसार यस पुलको २५ मिटर लम्बाइ र आठ दशमलव ४० मिटर चौडाइको रहेको छ ।

हाल पुल निर्माण गरिएको स्थान नजिक कजवेबाट (पाइप राखेर बनाइएको अस्थायी संरचना) सवारीसाधान आवतजावत हुँदै आएको थियो । पुल बनेपछि आवागमन सहज हुनुका साथै खोला किनारका करिब एक सय घर संरक्षणमा सहयोग पुग्ने सामुदायिक टोल विकास संस्था कराङकाठ बसपार्कका अध्यक्ष सोमनाथ पौडेलले जानकारी दिनुभयो ।

# बालबालिकालाई पुस्तान्तरण सिप सिकाइदै

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २० पुस



सामाजिक विकास कार्यालय स्याङ्जाले बालबालिकालाई सिपमुलक तालिम प्रदान गरेको छ । मौलिक परम्परागत सिपमा पुस्तान्तरण गरिनुपर्ने उदेश्य राखेर कार्यालयले सिपमुलक तालिम प्रदान गरेको हो ।

दुईदिने तालिम कार्यालयले जिल्लाको एकमात्र फेदिखोला १ मा रहेको बालगृहका बालबालिकालाई प्रदान गरेको छ । पढाइ लेखाइ र अन्य शैक्षिक गतिविधिमा मात्रै सिमित रहने बालगृहका बालबालिकालाई दुना, टपरी, डोको, नाम्लो र जोती बाल्न प्रयोग हुने बाती कात्न कार्यालयले तालिम दिएको थियो । सामाजिक विकास कार्यालयको आयोजनामा भएको जेष्ट नागरिकमा भएको ज्ञान, सीप र अनुभव अन्तरपुस्ता हस्तान्तरण गर्ने उदेश्यले यो तालिमको आयोजना गरिएको कार्यालयका प्रमुख जीवन पौडेलले बताए । बालगृहमा रहेका ३८ जना बालबालिकालाई हाम्रो मौलिक परम्परागत सीप र ज्ञान हस्तान्तरण गर्ने उद्धेश्यले बालबालिकालाई टपरी र दूना बनाउने, बाती बनाउन, डोका तथा डस्टबिन बनाउन तालिम प्रदान गरिएको पौडेलको भनाई छ । तालिमलाई विभिन्न क्षेत्रमा सीप हासिल गरेका जेष्ठ नागरिकहरुले प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा जेष्ठ नागरिकले बालबालिकालाई भजन कृतन समेत सिकाएको बालगृह सञ्चालिका कमला पराजुलीले बताइन् । आफ्ना बालगृहमा रहेका छोराछोरी हरेक क्षेत्रमा सक्षम रहेको र छिटो समयमै विभिन्न सीप सिक्न सफल भएकोमा पराजुलीले खुसी व्यक्त गरीन् । फेदीखोला गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष अमृत क्षेत्रीले हाम्रो हरेक सीपलाई रोजगारसँग जोड्दै अगाडी बढ्नु पर्ने कुरामा जोड दिए । परम्परागत सिप, कला हराउन नदिन कार्यालयले गरेको प्रयास निकै प्रशंसनीय रहेको र यो कार्यक्रम जिल्लाभर लागु गर्नुपर्नेमा उनले जोड दिए । सामाजिक विकास कार्यालय स्याङ्जाका कार्यालय प्रमुख पौडेलले जेष्ठ नागरिकमा विभिन्न क्षेत्रको अनुभव र सीपलाई पुस्तान्तरण गर्दै जानु पर्ने बताए । यस्ता कार्यक्रममा सामाजिक विकास कार्यालय स्याङ्जाले पुलको काम गर्न तयार रहेको बताए ।

साथै बालगृह सञ्चालन गरेर मानव कल्याणको महान् कार्य गरेको भनेर बालगृह सञ्चालिका कमला पराजुलीलाई धन्यबाद व्यक्त समेत पौडेलले गरे । कार्यक्रममा सामाजिक विकास कार्यालय स्याङ्जाको तर्फबाट बालसाहित्य सँग सम्बन्धित ३० वटा पुस्तकहरु हस्तान्तरण गरिएको थियो ।

# आँधीखोलामा तटबन्ध निर्माण

**पोखरापत्र संवाददाता**
वालिङ, २० पुस

नदीकटान नियन्त्रण गर्न आँधीखोलामा तटबन्ध निर्माण प्रारम्भ भएको छ । गण्डकी प्रदेश ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको अनुदानमा सञ्चालित योजनामार्फत चार किलोमिटर तटबन्ध निर्माण प्रारम्भ भएको हो । आँधीखोला गाउँपालिका, पुतलीबजार, भिरकोट र वालिङ नगरपालिका भएर बग्ने आँधीखोलामा तटबन्धनको काम सुरु भएको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयका प्रमुख किरण आचार्यले बताउनुभयो । धेरै कटान भएका स्थानमा तटबन्धन गरिएको हो । सिँचाइ डिभिजन कार्यालय र पालिकासँगको सहकार्य र साझेदारीमा तटबन्धन गरिएको जानकारी उहाँले दिनुभयो । आठ करोडको लागतमा थालिएको निर्माण आगामी २०८३ वैशाखमा सम्पन्न गर्ने लक्ष्य छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. २०२१/०३/०३

स्वर्गारोहणः
वि.स. २०८१/०९/१५

स्वः मञ्जु ढेवाजू

हाम्रा प्रात स्मरणीय आदरणीय **मञ्जु ढेवाजू**को ६० वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज ७औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

ढेवाजू परिवार
पोखरा-१३, गौडाकोमुख

पूनश्चः मिति २०८१ पुस २७ गते शनिबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं ।
समयः बिहान ११: ०० बजेदेखि स्थानः पोखरा-१३, गौडाकोमुख



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# लाहाचोकमा नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २० पुस




दर्शन फाउण्डेशन र पोखरा नर्सिङ क्याम्पसको संयुक्त आयोजनामा कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नं. ४ स्थित लाहाचोक स्वास्थ्य चौकीमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

स्वास्थ्य सेवाको पहुँच बढाउँदै समुदायमा स्वास्थ्य सचेतना फैलाउने उद्देश्यले आयोजित शिविरमा १३० जना बिरामीको परीक्षण गरिएको थियो।

सो शिविरमा डा. नेहा न्यौपानेले महिलाहरूको पाठेघर सम्बन्धी जाँच गर्नुभएको थियो। जाँचको क्रममा ६५ जनामा महिला प्रजनन अंग संक्रमण पाइएको, भिआइए (भिजुअल इन्स्पेक्सन विथ एसिटिक एसिड) १ जना महिलामा पोजिटिभ देखिएको, २ जना सम्भावित जोखिममा रहेको र आङ खसेको समस्या ३ जनामा पाइएको डा. न्यौपानेले बताउनुभयो। महिलाको स्वास्थ्यलाई लक्षित गर्दै गरिएको यो प्रयासले उनीहरूको समस्या पहिचान गरी आवश्यक उपचार र परामर्श प्रदान गरिएको थियो। उक्त शिविरमा अन्य स्वास्थ्य समस्या भएका ८० जना बिरामीलाई आवश्यक औषधि वितरण गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि एवं माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मिन बहादुर गुरुङले कार्यक्रममा बोल्नुहुदै स्वास्थ्य शिविरले गाउँवासीलाई प्रत्यक्ष रूपमा लाभ पुर्‍याउने र स्वास्थ्य सेवाको पहुँचलाई सहज हुने बताउदै ँआजको शिविरले देखाएको उत्साहजनक सहभागिताले यस्ता प्रयासलाई निरन्तरता दिन अझ ऊर्जा मिलेको बताउनुभयो र हामी गाउँपालिकाको तर्फबाट यस्ता कार्यक्रमको आयोजनामा सधैं प्रतिबद्ध छौं । कार्यक्रममा पोखरा नर्सिङ क्याम्पसकी सामुदायिक विभाग प्रमुख रिता पाठक, माछापुच्छ्रे गाउँपालिकाका उपाध्यक्ष सिता अधिकारी, माछापुच्छ्रे गाउँपालिका वडा नं.४ का अध्यक्ष मधुसुदन अधिकारी र फाउण्डेशनका सल्लाहकार कृष्णबहादुर क्षेत्रीले बोल्नुभएको थियो। दर्शन फाउण्डेशनका अध्यक्ष पितमबहादुर सेनको अध्यक्षतामा भएको उक्त कार्यक्रमको सञ्चालन फाउण्डेशनका सचिव मदन मल्लले गरेका थिए भने पोखरा नर्सिङ क्याम्पसका वि.एन. तेस्रो वर्षमा अध्ययनरत विद्यार्थी दिपिका धितालले स्वागत मन्तव्य राखेका थिए । महिलाहरूको पाठेघर सम्बन्धी स्वास्थ्य परीक्षण र त्यससँग सम्बन्धित समस्याहरूको पहिचान गर्दै समाधानका उपाय प्रदान गर्ने यो शिविरले ग्रामीण क्षेत्रका महिलाहरूलाई स्वस्थ जीवनतर्फ अभिप्रेरित गर्दै भविष्यमा यस्ता कार्यक्रमलाई निरन्तरता दिइने आयोजक संस्थाहरुले प्रतिबद्धता पनि व्यक्त गरेका थिए।

# एसओएस गण्डकीमा वार्षिक खेलकुद समारोहको समापन

**पोखरापत्र संवाददाता**
पोखरा, २० पुस

पोखराको रामबजारस्थित एसओएस हर्मन माइनर विद्यालय गण्डकीको ४१ औं वार्षिक खेलकुद कार्यक्रमको एक भव्य समारोहबीच शनिवार समापन गरिएको छ।

बिहीवारदेखि विद्यालयको प्राङ्गणमा सम्पन्न उक्त समारोहलाई गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले समापन गरे।

समापन समारोहमा मन्तव्य राख्दै प्रमुख अतिथि थापाले हाम्रो सामाजिक र राष्ट्रिय आवश्यकतालाई मध्यनजर राख्दै शिक्षणपद्धतिको विकास गर्न नसकिएकाले देशमा बेरोजगारीको सङ्ख्या बढेको र त्यसैका कारण प्रतिभा पलायनको समस्याले तीव्रता पाइरहेको बताए । 'धेरै अभिभावकविहीन बालबालिकाहरूको संरक्षण, लालनपालन र शिक्षादीक्षाको यथोचित व्यवस्था गर्दै आइरहेको एसओएसजस्तो परोपकारी संस्थालाई सबै पक्ष मिलेर अगाडि बढाउनुपर्छ।' मन्त्री थापाले भने, 'प्रदेशको शिक्षा, स्वास्थ्य, सामाजिकलगायतका धेरै क्षेत्रको जिम्मेवारी वहन गर्दै आइरहेको मन्त्रालय भएका नाताले प्रदेशको सीमित स्रोत र साधनका बाबजुद एसओएसजस्तो मानवतावादी संस्थालाई सहयोग गर्नु हाम्रो जिम्मेवारी हो । आगामी वर्षको बजेटमा एसओएसलाई प्रदान गरिँदै आएको छात्रवृत्ति अनुदान रकम वृद्धि गर्ने विषयमा प्रदेश सरकार दृढ छ ।' उनले खेलकुदमा विद्यार्थीहरूद्वारा प्रदर्शन गरिएको प्रतिभाको प्रशंसा गर्दै उत्कृष्ट विद्यार्थीहरूलाई बधाई पनि दिए । एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्यको अध्यक्षतामा सम्पन्न समारोहमा विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले स्वागत मन्तव्य राखेका थिए। सभाअध्यक्षको आसनबाट बोल्दै एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्यले खेलकुदमा विद्यार्थीहरूले प्रदर्शन गरेको प्रतिभाको प्रशंसासहित खेलकुद समारोहलाई सफल बनाउन सहयोग गर्ने सबै पक्षप्रति धन्यवाद ज्ञापन गरे । समापन समारोहमा पोखरा महानगरपालिका वडा नं. १५ का अध्यक्ष तोरणबहादुर बानियाँ, पोखरा महानगरपालिकाकी कार्यपालिका सदस्य मन्दिरा परियार, सामाजिक विकास मन्त्रीका स्वकीय सचिव सूर्य पौडेल, एसओएस बालग्राम पोखराका प्रतिनिधि कर्म ग्याल्ट्सेन, विद्यालय निरीक्षक कृष्णप्रसाद भण्डारी, कालिका माध्यमिक विद्यालयका प्रधानाध्यापक श्रीराम आचार्य, ताराकुञ्ज स्कुलका प्रधानाध्यापक पुष्पराज पौडेल, सिद्ध माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक जुना थापा, छोरेपाटनस्थित एसओएस व्यावसायिक तालिम केन्द्रका प्रमुख शिव लामिछाने, एसओएस बालग्राम गण्डकीका उपनिर्देशकद्वय बाबुराम बराल, शिक्षक तथा कर्मचारी कल्याणकारी युनियन एसओएस गण्डकीका एकाइ अध्यक्ष मिलन खत्री, एसओएस गण्डकीका सहप्राचार्यद्वय वीरसिंह बूढा र प्रभास पौडेल, एसओएस बालग्राम गण्डकीकी आमा प्रतिनिधि पार्वती पाण्डे, चिकित्सक डा. विवेक तिमिल्सिना, साइकोथेरापिस्ट शुभ कोइरालालगायतका अन्य विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहेको थियो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १८ चपाई चौतारदेखि भुमेगैर मोटरबाटो स्तरोउन्नति गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

योजनाको नामः चपाई चौतारदेखि भुमेगैर मोटरबाटो स्तरोउन्नति
ठेगानाः पोखरा १८
योजना सम्झौता मिति : २०८१/०८/१०
योजना सुरु हुने मितिः २०८१/०८/१०
योजना सम्पन्न हुने मिति : २०८१/०९/३०
योजनाको कुल लागत : ९,४१,५२१.०१
पोखरा महानगरपालिकाबाट प्राप्त : ८,००,०००/-
जन सहभागिताबाटः १,४१,५२१.०१
उपभोक्ता समिति अध्यक्ष : कृष्ण चपाई
सम्पर्क नं ९८४६५२४४९९

**चपाई चौतारदेखि भुमेगैर मोटरबाटो स्तरोउन्नति उपभोक्ता समिति पोखरा १८**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ धुरपुरे रियालेमा वाल तथा जाली निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धि सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : धुरपुरे रियाले ढावाको गैरा खोला कुलो तथा पहिरो नियन्त्रण
उपभोक्ता समितिको नामः धुरपुरे रियाले ढावाको गैरा खोला कुलो तथा पहिरो नियन्त्रण उपभोक्ता समिति, पोखरा-२१
योजना सम्झौता मिति : २०८१/०६/१३
योजना सुरु मिति : २०८१/०६/१५
योजना सम्पन्न मिति : २०८१ फागुन मसान्त
महानगरपालिका बाट प्राप्त : १०,००,०००/-
जनसहभागीता : १,७६,९१०/७२
योजनाको कुल लागत : ११,७६,९१०/७२

उपभोक्ता समिति
अध्यक्ष : झपिन्द्रराज रेग्मी,
उपाध्यक्ष : रामचन्द्र पहारी
सचिवः प्रमिला पौडेल सुवेदी
कोषाध्यक्ष : अन्जना रेग्मी
सदस्यहरुः प्रकाशचन्द्र पौडेल, लक्ष्मी रेग्मी, क्षेत्र बहादुर थापा

**अनुगमन समिति :**
संयोजक : भागिरथ पौडेल
सदस्य : गिता कुमारी रेग्मी
सदस्य : पूर्णदिप सिग्देल

# बुर्तिबाङ अस्पताल : झुपडीदेखि ५० शैयाको अस्पतालसम्म

**डम्मर बुढामगर**
बागलुङ, २० पुस/रासस




निसी, भुजी र तमानखोलाको सङ्गममा छ बुर्तिबाङ बजार। जिल्ला सदरमुकामदेखि ९० किलोमिटर पश्चिममा रहेको यस बजारमा बिस्तारै विकासले गति लिन थालेको छ। जिल्लाकै दोस्रो र पश्चिम बागलुङको सबैभन्दा ठूलो व्यापारिक केन्द्रका रूपमा रहेको बुर्तिबाङ क्षेत्रमा अहिलेसम्म सुविधायुक्त अस्पताल थिएन। सुविधायुक्त अस्पताल नहुँदा पश्चिम बागलुङका हजारौं नागरिक बागलुङ, पाल्पा, पोखरा र काठमाडौं पुगेर उपचार गराउँदै आएका थिए।

केही वर्षयता बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रबाट पनि विशेषज्ञ सेवा प्रदान हुँदै आएपछि केही सहज भएको छ। प्राथमिक स्वास्थ्य केन्द्रमा राम्रो सेवा पाउन नसक्दा पश्चिम क्षेत्रका नागरिकले सामान्य उपचारका लागि लाखौं खर्च गरेर देशका ठूला सहरमा रहेका अस्पतालमा पुग्नुपर्ने बाध्यता थियो। पश्चिम बागलुङका नागरिकका लागि लक्षित बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई जिल्ला अस्पतालका रूपमा स्तरोन्नति गर्नका लागि २०६४ साउन १५ गते स्वास्थ्य मन्त्रालयले निर्णय गरे पनि कार्यान्वयन हुन सकेको थिएन। अहिले बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र जिल्ला अस्पताल नभई प्रदेशस्तरीय नै बनेको छ। गण्डकी प्रदेश सरकारको सिफारिसमा सङ्घीय सरकारले बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदेशस्तरीय ५० शय्याको अस्पताल बनाएको छ। रु ३२ करोड लागतमा जिल्ला अस्पताल सञ्चालन गर्नका लागि बनेको संरचनामा अहिले प्रदेश अस्पताल सुरु गरिएको हो। अहिलेसम्म उक्त संरचनामा बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालनमा थियो। संरचना बनेको साढे एक दशक बढी समयपछि बुर्तिबाङमा ५० शय्याको अस्पताल बनेपछि पश्चिम बागलुङवासीमा खुसी छाएको छ। प्रदेश सरकारले प्राथमिक स्वास्थ्य केन्द्रलाई एकै पटक प्रदेशयस्तरीय अस्पतालमा स्तरोन्नति गरेसँगै जनशक्ति र उपकरण व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ। स्थानीय र सरोकारवाला निकायको लामो प्रयासपछि प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदेशस्तरीय अस्पताल बनाए पनि जनशक्ति र आवश्यक उपकरण व्यवस्थापन गर्न बाँकी छ।

अहिले प्राथमिक स्वास्थ्य केन्द्रमा रहेका कर्मचारीले नै सेवा दिइरहेको बुर्तिबाङ अस्पतालका प्रमुख नवीन्द्र ढकालले जानकारी दिनुभयो। ढकालका अनुसार हाल ४७ जना कार्यरत रहेका छन्। ढोरपाटन नगरपालिकाले करार सेवामा २२, स्वास्थ्य केन्द्र व्यवस्थापन समितिबाट छ र निकसाइमन इनिस्टिच्यूट संस्थाबाट छजना कर्मचारीबाटै काम हुँदै आएको छ। गण्डकी प्रदेश सरकारको नीतिअनुसार प्रदेशस्तरीय अस्पताल सञ्चालनका लागि अब नौ विशेषज्ञ डाक्टर, आठ मेडिकल अधिकृतसहित ६९ कर्मचारी आवश्यक पर्ने उहाँको भनाइ छ। अहिले एक बालरोग विशेषज्ञ, एक एमडिजिपी विशेषज्ञ, तीन मेडिकल अधिकृत, तीन स्टाफ नर्स, चार हेल्थ असिस्टेन्ट, चार अहेब, पाँच अनमी र नौ कार्यालय सहयोगीलगायत कर्मचारीले सेवा दिइएको प्रमुख ढकालले बताउनुभयो। हाल स्वास्थ्य केन्द्रबाट चौबिसै घण्टा आकस्मिक, बहिरङ्ग, शल्यक्रियाद्वारा प्रसूति सेवा, सामान्य शल्यक्रिया, बालरोग विशेषज्ञ सेवा, जनरल फिजिसियन विशेषज्ञ सेवा, अत्याधुनिक प्रयोगशाला सेवा, जिनएक्पट सेवा, दन्त, आँखा उपचार सेवालगायतको सेवा दिँदै आएको उहाँको भनाइ छ। प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी ५० शय्याको प्रदेशस्तरीय अस्पताल सञ्चालन गर्न अब दक्ष जनशक्ति र उपकरण व्यवस्थापन भए सहजरूपमा नागरिकलाई प्रभावकारी सेवा दिन सकिने ढकालले बताउनुभयो। "प्रदेशस्तरीय अस्पताल घोषणा भएपछि यस क्षेत्रका नागरिकहरूमा खुसी छाएको छ, पहिले बनेको संरचना पर्याप्त भएको हुँदा तत्कालका लागि थप संरचनाको आवश्यक छैन, अब प्रदेशले आकस्मिकदेखि सबै वडामा जनशक्ति र उपकरण व्यवस्थापन गरे हुन्छ", प्रमुख ढकालले भन्नुभयो, "हामीहरूले प्राथमिक स्वास्थ्य केन्द्र भए पनि २५ शय्यासम्मको सेवा दिँदै आएका थियौं, उपकरण र डाक्टर नहुँदा धेरै बिरामी अन्यत्र पठाउन बाध्य थियौं, अब त्यो समस्या समाधान भएको छ।" बुर्तिबाङ स्वास्थ्य केन्द्रमा वार्षिक करिब ६ सय महिला प्रसूति हुने गरेका छन्। दैनिक तीन सय जनालाई बहिरङ्ग र ३० जनालाई आकस्मिक सेवा दिँदै आएइएको प्राथमिक स्वास्थ्य केन्द्र प्रदेशस्तरीय अस्पताल सञ्चालनमा आएपछि बिरामी बढ्न थालेका हुन्। अस्पताल व्यवस्थापनका अनुसार १४ रोपनी नौ आना जग्गामा तीन ब्लगसहित ४८ कोठासहितका भवन र एक आवासीय भवन रहेका छन्। छ दशकअघि साबिक बुर्तिबाङ गाविसअन्तर्गतका स्थापना भएको स्वास्थ्य संस्था अहिले प्रदेश अस्पतालका रूपमा विकास भएको छ। यस संस्था २०३५ सालमा उपस्वास्थ्य चौकी, २०४२ सालमा स्वास्थ्यचौकी, २०४८ सालमा सामुदायिक स्वास्थ्य केन्द्र र २०५२ सालमा प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्तरोन्नति भएको थियो। विसं २०६४ मा जिल्ला अस्पतालका रूपमा स्तरोन्नति गर्नका लागि रु ३२ करोड लागतमा भौतिक पूर्वाधार निर्माण थालिएकामा लामो समयदेख स्तरोन्नति हुन सकेको थिएन।

गण्डकी प्रदेश सरकारले सङ्घीय सरकारको अनुमतिमा चालु आवमा अस्पताल स्तरोन्नति गर्नका लागि रु १२ करोड बजेट विनियोजन गरेको थियो। गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा बागलुङको पश्चिम क्षेत्रका जनलाताई सेवा प्रदान गर्दै आइरहेको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० शय्याको प्रादेशिक अस्पतालका रूपमा सञ्चालनमा ल्याइने घोषणाअनुरुप अस्पताल स्तरोन्नति गरिएको हो। यही पुस १२ गते गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अस्पतालको उद्घाटन गर्नुभएको थियो। कुँवरले विशेषज्ञ चिकित्सकसहित अन्य मेडिकल अधिकृत र उपकरण ल्याउनका लागि प्रदेश सरकार निरन्तर लागिरहेको गण्डकी प्रदेशसभा सदस्य द्रोणकुमार कुँवरले बताउनुभयो। उहाँले भन्नुभयो, "बुर्तिबाङ अस्पताल पश्चिम बागलुङका नागरिकका लागि वरदान साबित हुनेछ, यहाँ सुविधायुक्त अस्पताल नहुँदा दूरदराजका नागरिकले अकालमा ज्यान गुमाउनुपर्ने अवस्था दोहोरिनेछैन।" स्थानीय तुलसीकुमारी क्षेत्रीले बुर्तिबाङमा शल्यक्रिया गर्नुपर्ने बिरामीले उपचार नहुँदा लाखौं रुपैयाँ खर्च गरेर ठूला सहरमा पुर्‍याउने गरेको स्मरण गर्नुभयो। घर नजिक प्रादेशिक अस्पताल सञ्चालनमा आएपछि खुसी लागेको भन्दै अब बिरामीहरू टाढा जानु नपर्ने उहाँको भनाइ छ। ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायत (कल्याण) ले प्रादेशिक अस्पतालमा स्तरोन्नति भएपछि प्रभावकारी सेवा प्रवाह हुने बताउनुभयो। अस्पतालको संरक्षण संवर्द्धनमा ढोरपाटन नगरपालिका निरन्तर लागिरहेको उहाँको भनाइ छ। मध्यपहाडी लोकमार्ग छेउमै रहेको बुर्तिबाङ बजारमा रहेको यस अस्पतालमा पश्चिम बागलुङको छ पालिकासहित रोल्पा, रुकुम, गुल्मी, प्यूठानका हजारौं नागरिकले स्वास्थ्य सेवा लिन सहज हुने भएको छ। अहिले पनि गुल्मीसहितका छिमेकी जिल्लाका नागरिकले सेवा लिन आउने गरेका छन्।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि.स. १९९४/०५/२७ गते**

**स्वर्गारोहणः**
**वि.स. २०८१/०९/१२ गते**

## स्व. नारानदेबी तमी श्रेष्ठ

यस गुठीका संस्थापक सदस्य पोखरा-१० रामबजार निवासी स्व.भक्तमान श्रेष्ठको श्रीमती गुठीयार नारायण श्रेष्ठको ममतामयी ठुलीआमा **नारानदेबी तमी श्रेष्ठ**को ८७ वर्षको उमेरमा भएको असमायीक स्वर्गारोहणले हामी गुठी परिवार अति मर्माहत भएका छौं यस दुःखद घडीको आज १० औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं साथैं शोकसन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**श्री पञ्चमी गुठी परिवार, पोखरा**